# खिजिदेम्बा गाउँपालिका, खिजीफलाटे ओखलढुंगा
# १ नं. प्रदेश, नेपाल

## स्थानिय राजपत्र

**खण्डः २** **संख्या : ८** **मिति : २०७५।०२।०७**


**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०७५ सालको नियम नं.-८**

# विभिन्न निकायबाट स्थानीय तहलाई हस्तान्तरण भई आएका भवन निर्माण सम्वन्धी कार्यविधि, २०७५

गाउँ कार्यपालिका बाट स्वीकृत मितिः २०७ / / प्रमाणीकरण मितिः २०७५/१२/०१

**प्रस्तावनाः** साविक जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय लगायतका अन्य निकायहरुबाट हस्तान्तरण भई आएका भवनहरुको निर्माण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खिजीदेम्बा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## भाग १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “विभिन्न निकायबाट स्थानीय तहलाई हस्तान्तरण भई आएका भवन निर्माण समवन्धी कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि खिजीदेम्बा गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** (१) बिषय वा प्रसङ्गले **अर्को** अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “हस्तान्तरण भई आएका भवन” भन्नाले साविक जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय लगायत नेपाल सरकारका अन्य निकायबाट हस्तारण भएर आएका निर्माण कार्य सम्पन्न भएका वा निर्माणधिन भवन सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले खिजीदेम्बा गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) “गाउँपालिका” भन्नाले खिजीदेम्बा गाउँपालिका सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

## भाग २
## हस्तारण भई आएका भवनको निर्माण तथा व्यवस्थापन

३. **हस्तान्तरित भवन निर्माण तथा वजेट व्यवस्थापन :** गाउँपालिकामा हस्तान्तरण भई आएका भवन मध्ये गाउँपालिकालाई आवश्यक पर्ने किसिमका भवनको लागि गाउँ सभाले श्रोतको सुनिश्चितता गर्न सक्नेछ । तर, सम्झौतामा उल्लेख भएबमोजिमको रकम भन्दा बढी रकम व्यवस्था गर्न पाइने छैन् ।

४. **म्याद थप** : (१) हस्तान्तरण भई आएका भवन निर्माणको म्याद सम्पन्न भएको अवस्थामा गाउँ कार्यपालिकाको प्रस्ताव बमोजिम गाउँ सभाले बढीमा १ वर्षसम्म म्याद थप गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र कार्य सम्पन्न गर्नु निर्माण कम्पनीको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कावु वाहिरको परिस्थिति परी म्याद थप गर्नु परेमा गाउँ सभाले थप ६ महिनाको म्याद थप गर्न सक्नेछ ।

५. **कार्यसम्पादन शर्त तथा सीमाहरु :** कार्यसम्पादन गर्दा कामको गुणस्तर तथा परिमाण हस्तारण गर्ने साविक निकायसँग भएको समझौतामा उल्लेख भएवमोजिम हुनेछ ।

## भाग ३
## अनुगमन, मूल्यांकन तथा फरफारक

६. **अनुगमन तथा मूल्यांकन :** निर्माण कार्यको नियमित अनुगमन तथा मूल्यांकन गाउँपालिकाको अनुगमन समित र प्राविधिक शाखाबाट हुनेछ ।

७. **कार्य सम्पन्न तथा फरफारक :** प्राविधिक शाखाको कार्य सम्पन्न प्रतिवेदन र अनुगमन समितिको अनुगमन प्रतिवेदनको आधारमा **गाउँपालिकाको** कार्यालयले अन्तिम फरफारक गर्नेछ ।

**भाग ४**

**विविध**

८. **प्रचलित नेपाल कानुन वमोजिम हुने :** यस कार्यविधिमा उल्लेखित कुनैपनि विषय संघीय सरकार वा प्रदेश सरकारले वनाएको **कानुन**सँग वाझिएमा संघीय कानुन वा प्रदेश कानुन बमोजिम हुनेछ ।

९. **बाधा अड्काउ फुकाउने अधिकार :** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**आज्ञाले,**

**श्याम कुमार खड्का**

**प्रमुख प्रशासकीय अधिकृत**